# महालेखापरीक्षकको कार्यालयको
# सार्वजनिक अनुरोध

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोकेबमोजिम सबै सरकारी निकायहरुको आर्थिक कारोबारको लेखापरीक्षण गर्न केन्द्रीयस्तरका सरकारी कार्यालयहरु र जिल्ला जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटाइसकिएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोगमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका सम्बन्धमा कुनै जानकारी भएमा नागरिक समाज, सामुदायिक संघसंस्था, सरोकारवाला र सर्वसाधारणबाट यस कार्यालयबाट खटिई आउनुभएका लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, गुनासो एवं सूचना भएमा देहायको ठेगानामा जानकारी उपलब्ध गराई यथार्थपरक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण सम्पन्न गराउने कार्यमा सहयोग पुऱ्याउन सबै निकाय एवं सर्वसाधारणमा अनुरोध गरिन्छ ।

<u>पत्राचार वा सम्पर्क गर्ने ठेगाना</u>


- पोष्ट बक्स नं. १३३२८, महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं
- फ्याक्स नं. ०१–४२६२७९८, ४२६८३०९
- फोन नं. ०१–४२६२३८२
- इमेलः oagnep@ntc.net.np, info@oagnep.gov.np
- वेभसाइटः www.oagnep.gov.np

- सम्बन्धित जिल्ला जिल्लामा खटिएका लेखापरीक्षण टोली
- कार्यालयको उजुरी पेटिका